# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्या: ०७८।७९
चलानी नं.: ४१५२

मितिः २०७९।३।५

विषयः निर्णय प्रतिलिपि पठाइएको ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
नगरपालिका व्यवस्था शाखा, सिंहदरबार, काठमाण्डौ ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक ।
श्रीमान् प्रमुखज्यू / श्रीमान् उपप्रमुखज्यू, बनेपा नगरपालिका ।
श्री वडाध्यक्षज्यूहरु (सबै), बनेपा नगरपालिका ।
श्री कार्यपालिका सदस्यज्यूहरु (सबै) बनेपा नगरपालिका ।
श्री वडा समितिको कार्यालय (सबै), बनेपा नगरपालिका ।
बनेपा नगरपालिका ।
श्री ... ... .... ... ...शाखा
बनेपा नगर कार्यपालिकाको कार्यालय ।

उपर्युक्त सम्बन्धमा बनेपा नगरपालिका, नगर कार्यपालिकाको मिति २०७९ असार ३ गते शुक्रबार बसेको नगर कार्यपालिकाको बैठकको निर्णय प्रतिलिपि यसै साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

कार्यार्थ
श्री सूचना प्रविधि अधिकृत
बनेपा नगरपालिका । - *वेभसाइटमा राखी सम्बन्धित शाखा तथा वडामा मेल समेत गर्ने ।*

०७९।३।५

प्रकाश आचार्य
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्या : ३

बनेपा नगर कार्यपालिकाको देहायको विषयहरुमा छलफल गर्न आज मिति २०७९ असार ३ गते शुक्रबार बिहान ९:३० वजे नगर कार्यपालिका कार्यालयको प्रमुख शान्तिरत्न शाक्यको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक निम्नानुसारका सदस्यहरुको उपस्थितिमा बसि विभिन्न निर्णयहरु गरियो ।

-:: उपस्थिति ::-

| क.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्तिरत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री रामप्रसाद घिमिरे | उपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्यामसुन्दर श्रेष्ठ | उपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | उपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | उपस्थित |
| ११ | सदस्य (वडा नं. ९) | श्री नृपेश वादे | उपस्थित |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्रवहादुर खड्का | उपस्थित |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | उपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री रामवहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री रामलाल दुवाल | उपस्थित |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | उपस्थित |
| १७ | सदस्य | श्री शुभद्रा बजगाँई | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | उपस्थित |
| १९ | सदस्य | श्री ज्योति बोगटी | उपस्थित |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | उपस्थित |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २३ | सदस्य | श्री कमला परियार | उपस्थित |
| २४ | सदस्य | श्री रबिन्द्र सुनार | उपस्थित |
| २५ | सचिव | श्री प्रकाश आचार्य<br>प्रमुख प्रशासकीय अधिकृत | उपस्थित |

छलफलका विषयहरुः
१. आगामी नगर सभा सम्बन्धमा,
२. मध्यम कालिन खर्च संरचना तथा आगामी वर्षको बजेट तर्जुमा सम्बन्धी मार्ग निर्देशन २०७९ सम्बन्धमा,
३. स्थानीय राजस्व परामर्श समितिबाट निर्णय भएका विषय अनुमोदन सम्बन्धमा,
४. काभ्रे बहुमुखी क्याम्पसले आयोजना गर्ने 1st National Conference on Sociology for Business and Entrepreneurship Development विषय सम्मेलका लागि सहयोग माग सम्बन्धमा,
५. विविध ।

-::निर्णय::-

१. गत बैठकको निर्णय समिक्षा गरियो ।

२. बनेपा नगरपालिकाको नगर सभाको दशौं अधिवेशन मिति २०७९ साल असार १० गते शुक्रबार बिहान ८:०० बजे बनेपा नगरपालिकाको सभाहलमा बस्ने गरी आवश्यक प्रबन्ध मिलाउने निर्णय गरियो ।

३. बनेपा नगरपालिकाको मध्यम कालिन खर्च संरचना तथा आगामी वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गनिर्देशन, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

४. बनेपा नगरपालिकाको स्थानीय राजस्व परामर्श समितिको मिति २०७९ जेष्ठ २७ गतेको बैठकबाट आए अनुमान प्रक्षेपण भए बमोजिम बनेपा नगरपालिकाको आगामी आ.व. २०७९।०८० का लागि आन्तरिक आय कुल रु. ३३,२४,२७,०००। भएको अनुमान स्वीकृत गर्ने निर्णय गरियो ।

५. बनेपा नगरपालिकाको स्थानीय राजस्व परामर्श समितिको मिति २०७९ जेष्ठ २७ गतेको को बैठकबाट आए अनुमान प्रक्षेपण भए बमोजिम बनेपा नगरपालिका वडा नं. ८ बसपार्क स्थित सपिङ्ग कम्प्लेक्समा रहेका शौचालय एक वर्षका लागि न्युनतम वार्षिक कबोल अंक रु. २० लाख कायम हुने गरी स्वीकृत दररेटका आधारमा शौचालय प्रयोग शुल्क लिन पाउने गरी ठेक्का बन्दोबस्तको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

६. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७८।१२।१५ च.नं. १९५७ को पत्रबाट लेखि आए बमोजिम "मृगौला प्रत्यारोपण गरेका, डाइलाइसिस गराई रहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार बापत खर्च गराउने सम्बन्धी कार्यविधि, २०७८ कार्यान्वयनका लागि आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

७. यस नगरपालिकाको आ.व. २०७७।०७८ को बजेट तथा कार्यक्रममा स्वीकृत भई चालु आ.व. मा सञ्चालन भएका तपसिल बमोजिमका योजनाहरु सम्पन्न भई भुक्तानीका लागि पेश भएकाले प्राविधिक बाट पेश भएको मूल्याङ्कन अनुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | वडा नं. | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण | ७ | १९,००,०००। | |
| २ | सहरी स्वास्थ्य सेवा केन्द्र भवन निर्माण | ३ | ८,३७,७२१। | |
| ३ | आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण | १४ | १५,००,०००। | |
| ४ | आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण | ५ | १२,००,०००। | |
| ५ | देवी मन्दिर डुडामुख (वडा स्तरीय) | २ | १,००,०००। | |

८. यस नगरपालिका अन्तर्गत चालु आ.व. २०७८।०७९ मा स्वीकृत भई ठेक्का बन्दोबस्त बाट कार्यान्वयन भईरहेका योजनाहरुको म्याद थपका लागि माग निवेदन गरेका सम्बन्धमा छलफल हुँदा निर्माण व्यवसायीबाट कार्यारम्भ गरी हालसम्म कार्य गरिरहेका र विविध कारणले म्याद समाप्त भए तापनि कार्य प्रगति भइरहेका योजनाहरुका हकमा २०७९ साल असार २० गतेसम्म म्याद थप गर्ने र म्याद थपका लागि निवेदन नगरेका तथा म्याद थपको माग निवेदन गरे तापनि निर्माण व्यवसायीको उदासिनताका कारण कामको प्रगति उल्लेख्य नभएका योजनाका हकमा कानून बमोजिम कार्वाही प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

९. चालु आ.व. २०७८।०७९ का लागि स्वीकृत भएका तर कार्यान्वयनका लागि हालसम्म संझौता नभएका योजनाका हकमा मिति २०७९ असार ७ गतेसम्ममा संझौता गर्न आएमा सानातिना योजनाका हकमा मात्र संझौता गरी कार्यान्वयनका लागि कार्यादेश दिने तथा कार्यालयको कार्यबोझ लाई दृष्टिगत गरी असार ७ गते उप्रान्त चालु आ.व. को असार महिना भित्रमा उपभोक्ता समितिहरुलाई पेश्की स्वरुप किस्ता रकम उपलब्ध गराउन नसकिने हुँदा कार्य सम्पन्न भएपछि मूल्याङ्कन गरी एकमुष्ट रकम भुक्तानी दिने । साथै उपभोक्ता समितिबाट भएका कामको मूल्याङ्कन गरी फरफारकका लागि २०७९ साल असार २५ गते भित्र कार्यालयमा पेश गरिसक्नु पर्ने निर्णय गरियो ।